नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
२०१४/1957
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

वैशाख/जेष्ठ २०८१ (May 2024) वर्ष २७/अङ्क ३०५

## इसाई जीवन र समाज

- एल्डर गोपी राई

हामी इसाईहरू पनि समाजका अभिन्न अंगहरू हौं। हामी अभिन्न अंग हौं भने देशमा हाम्रो भूमिका र जिम्मेवारी छ। त्यो जिम्मेवारी खीष्टको वचन पालन गर्दै हामी समाजमा सकारात्मक प्रभाव पार्न सक्छौं।

हामी परमेश्वरका राजदुतहरू हौं। दुई देशको सम्बन्ध सुमधुर बनाउन राजदूतको भूमिका अति नै महत्वपूर्ण हुन्छ। त्यसैले राजदुतले कुटनैतिक तौर जानेको हुनुपर्छ। त्यसै गरी इसाईहरूले परमेश्वर र समाजको बीचमा बसेर परमेश्वर र मानिसहरूको सम्बन्ध ठीक बनाउन मध्यस्थताको काम गर्छन्।

**"यसकारण हामी खीष्टका राजदुतहरू हौ, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। खीष्टकै पक्षमा हामी तिमीहरुलाई बिन्ती गर्दछौं, कि तिमीहरु परमेश्वरसँग मिलापमा आओ"** (२ कोरन्थी ५:२०)।

हामीहरू खीष्टका राजदूतहरू भएकोले हामीमार्फत् उहाँले मानिसहरूलाई अनुरोध गरिरहनुभएको छ। हामीले परमेश्वरको तर्फवाट पैरवी गर्नुपर्छ। इसाईहरूले विश्वभर नै शिक्षा र स्वास्थ्य क्षेत्रमा अतुलनीय योगदान दिइआएका छन्। नेपालकै परिपेक्षमा हेर्ने हो भने स्वास्थ्य क्षेत्रमा गोरखाको आँपपिपल मिसन अस्पताल, लेले ललितपुरको आनन्दवन कुष्ठरोग अस्पताल, पाल्पाको युनाइटेड मिसन अस्पताल, नयाँ गाउँ कास्कीको हरियो खर्क अस्पताल उडेल्धुराको टिम अस्पताल, पाटनको शान्तभवन अस्पताल (पछि पाटन अस्पतालमा समायोजन भएको) लालगढको मिसन अस्पताल, चौरजहारी मिसन अस्पतालले नेपालका सुगम तथा दुर्गम गाउँ ठाउँहरूमा गरीब विहिन र सुविधा जनताको सेवामा महत्वपूर्ण योगदान दिएका छन्।

कुष्ठरोग जस्तो उपचारसम्बन्धी ज्ञान नभएको र छि: छि: र दूर दूर गरिने रोग लागेपछि कसैलाई गोठमा पठाउने महिलाहरूलाई ओढारमा पनि पठाइने बेलामा इसाई मिसनरीहरूले खोजी खोजी उपचार गरिदिए।

इसाईहरूलाई समाज र राज्यपक्षबाट धर्म प्रचार गरेको आरोप लगाइन्छ। गरीब र अशिक्षित जनतालाई पैसा बाँडेर धर्म परिवर्तन गराएको आरोप लगाउने गरेका छन्। राज्य पक्षले पटक पटक धेरै जनालाई धरपकड गर्ने, हिरासतमा राख्ने, जेल पठाउने गरेका छन्।

देश धर्म निरपेक्ष राज्य घोषणा गरे पनि व्यवहारमा यो लागू भएको छैन। विभिन्न प्रकारका सतावट गरिए पनि इसाई (खीष्टीयन) हरूले अरूले जस्तो सडकमा आएर प्रतिवाद र प्रतिकार गरेका छैनन्। यहाँ समाजमा उठ्ने गरेका प्रश्न बारे केही प्रकाश पार्ने प्रयास गरिएको छ।

### १) इसाईहरूले राजनीति गर्नु हुन्छ कि हुँदैन ?

पहिले राजनीतिमा भाग लिनुहुँदैन भन्ने विचार प्रवल थियो। तर आजभोलि यो केही खुकुलो भएको छ। साधारण सदस्यले राजनीति गरे हुन्छ, तर मण्डलीको अगुवाको स्थानमा रहेका पास्टर, विशप, एल्डर, डिकन, डिकनेसले राजनीति गर्नुहुँदैन भनेर एउटा सीमाङ्कन गर्दा अन्यथा सम्झनु पनि हुँदैन। यही कुरालाई नेपाली इसाई मण्डली (ने.इ.म) ले पनि अंगिकार गर्ने गरी निर्णय गरिएको छ।

यसको उद्देश्य भनेको राजनीतिक पार्टीमा हुने विकृति र विसंगति मण्डलीमा नभित्रियोस् भन्ने हो। मण्डलीको सेवामा भोट माग्ने र पार्टी-पार्टीले चन्दा माग्ने काम नहोस् भन्ने पवित्र सोचका साथ यो गरिएको हो। मण्डली भनेको सबैको साझा हो। मण्डलीमा सबै जना बिना भेदभाव आउन पाउँछन्। तर अगुवा नै कुनै पार्टीमा आवद्ध छन् भने अरू पार्टीकाले आउन असजिलो मान्छन्। भेदभाव हुन्छ। भोट माग्नको लागि पुल्पिट प्रयोग हुन सक्छ। आमसभाको लागि मण्डली प्रांगण प्रयोग हुनसक्छ। त्यसैले मण्डलीका अगुवाहरू पार्टीगत रूपमा निर्णायक स्थानमा बस्नु हुँदैन भनिएको हो तर सबैले यसलाई मानक बनाउनुपर्छ भन्ने छैन। यसले मण्डलीलाई विभाजनतिर लैजान्छ। मण्डली परमेश्वरको देह (शरीर) भएकोले यसलाई विभाजन गर्ने काम कसैले पनि गर्नु हुँदैन।

मत्ती ६:२४ मा यसरी लेखिएको छ, **"कसैले दुई मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कोलाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कोलाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ।"** यो राजनीति र मण्डलीको सेवकाह दुई मालिकको सेवा गर्नु जस्तै हो। कुनैमा पनि पूरा मनले काम गर्न सक्दैन। मन बाँडिन्छ। मण्डली पार्टीको भातृ संगठनको रूपमा विकसित हुन जान्छ। जसले गर्दा मण्डलीमा हुने विभाजनले मण्डली जुन उद्देश्यले स्थापना भएको हो, त्यसबाट विचलन आउँछ।

मण्डलीमा परमेश्वरको वचन प्रचार हुनुपर्ने ठाउँमा पार्टीको प्रशिक्षण केन्द्र बन्न जान्छ। त्यसैले राजनीति र सेवकाइलाई भिन्न राख्नैपर्छ।

### २. इसाईहरूले व्यापार गर्नुहुन्छ कि हुँदैन ?

विभिन्न समयमा विभिन्न प्रकारको विचार नआएको होइन। व्यापार गर्नुहुँदैन। नाफा खानुहुँदैन। ब्याज लिनुहुँदैन। यस्ता विचारहरू इसाई समाजमा नभएका होइनन्। व्यापारलाई संसारिक कुरासँग

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | डाँछी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वैशाख २९ गते** May 11 | पाष्टर अशोक मुखिया | श्री सरुष तामाङ्ग | एल्डर दान ब.अधिकारी | डीकन राम ब.तामाङ्ग | श्रीमती निशा तामाङ्ग | पाष्टर प्रदिप बज्राचार्य | श्रीमती गंगा श्रेष्ठ | एल्डर रूद्र राई | पाष्टर दफ्तन सादा | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर पेशल राई |
| **जेष्ठ ५ गते** May 18 | पाष्टर सिमोन पाठक | पाष्टर अशोक मुखिया | एल्डर अर्जुन ढकाल | डीकन भूपाल लामा | श्री मिन ब. तामाङ्ग | एल्डर लाक्पा लामा | पाष्टर रूबेन श्रेष्ठ | डीकन श्रीराम सुर्खेती | श्री जीवन खालिङ | एल्डर भुवन देवकोटा | पाष्टर प्रेम श्रेष्ठ |
| **जेष्ठ १२ गते** May 25 | एल्डर रत्नमान महर्जन | डीकन कान्छा श्रेष्ठ | डीकन युसुफ श्रेष्ठ | श्री डिल्ली ब. तामाङ्ग | एल्डर मन ब. मगर | पाष्टर घनश्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर ग्रेस खालिङ | एल्डर आमोस खालिङ | एल्डर आनन्द न्यौपाने | एल्डर अर्जुन ढकाल |
| **जेष्ठ १९ गते** June 1 | पाष्टर अशोक मुखिया | श्रीमती माया तामाङ्ग | डीकनेस् रमा राई | श्री माया लामा | श्री सुचन तामाङ्ग | पाष्टर बि.बि खवास | पाष्टर रूबेन श्रेष्ठ | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | डीकन कृष्ण नगरकोटी | पाष्टर प्रेम श्रेष्ठ |

दाँजिने गर्थ्यो । तर वचनमा व्यापार गर्न प्रतिवन्ध लगाएको पाईंदैन । व्यापारमा पूंजी लगानी हुन्छ । श्रम लगानी हुन्छ । व्यापारको लागि भण्डारण गर्ने ठाउँ चाहिन्छ । यी सबै कुराको मूल्य हुन्छ । ती सबै मूल्य जोडेर बेच्ने मूल्य निकालिन्छ साथै केही नाफा पनि जोडिन्छ ।

प्रभु येशूले भन्नुभएको **"तोडाको उखान"** मा उनीहरूको क्षमता अनुसार पाँच सिक्का, दुई सिक्का, र एक सिक्का पाए । अघिल्लो दुई जनाले जति पाए उति नै व्यापारमा लगाएर कमाए । एक सिक्का पाउनेले त्यसलाई माटो मुनि पुरेर राख्यो । उसले त्यही सिक्का मालिकलाई फिर्ता दिंदै भन्यो, **"तपाईं नरोपेको ठाउँमा कटनी गर्ने हुनुहुन्छ । त्यसैले मैले तपाईको सिक्का जमिनमा गाडेर राखेको थिए, त्यति नै लिनुस् ।" तर मालिकले तँ अल्छे नोकर, तैंले मेरो सिक्का साहुकहाँ राख्नुपर्ने थियो र मैले मेरो धन ब्याज समेत पाउने थिएँ ।** "यसबाट व्यापार गर्नुहुन्छ । अल्छे बन्नु हुँदैन भन्ने थाहा पाउँछ पाइन्छ । अघिल्ला दुई जनाले व्यापार गरे भनिएको छ ।

विलियम कोल्गेट भन्ने व्यक्तिले कोल्गेट नामको कम्पनी खडा गरेर उद्योग शुरू गरे । उनले प्रभु येशू मेरो साझेदार हुनुहुन्छ भनी बैंकमा खाता पनि खोले । आफ्नो आम्दानीवाट १० प्रतिशत मात्र होइन, बीस, तीस, चालीस, पचास गर्दै दिंदै गए । जति दियो उति उनको व्यापार बढ्दै गयो । जीवनको अन्तिमतिर ९० प्रतिशतसम्म दशांश दिए । उनले भनेका छन्, "मैले प्रभु येशूलाई दिएर पनि जित्न सकिन ।"

### ३. के पैसा खराबीको जड हो ?

**किनभने रूपैयाँ पैसाको मोह नै सबै किसिमका खराबीको जड हो । पैसाको लोभमा परेर कोही कोही विश्वासबाट कुमार्ग तिर लागेका छन्, र धेरै पीडाले तिनीहरूको हृदय घोचेका छन्** (१ तिमोथी ६:१०) । पैसा होइन कि पैसाको मोह खराबीको जड हो । त्यति मात्र नभई जे सुकै कुराको मोह वा लोभ खराबीको जड हो ।

मोह भनेको आशक्त हुनु, मोहित हुनु वा आकर्षित हुनु हो । पहिलो स्थानमा परमेश्वरलाई राख्नुपर्छ । त्यसपछि अरू कुरालाई राख्नुपर्छ । पैसा नै सबै हो भनेर पछि दौड्नु हुँदैन । पैसालाई काममा लगाउनु पर्छ ।

पैसा असल नोकर हो, खराब मालिक हो भनिन्छ ।

**तर पहिले उहाँको राज्य र धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूको निम्ति थपिनेछन्** (मत्ती ६: ३३) ।

परमेश्वर उहाँको धार्मिकताको खोजी हाम्रो लक्ष्य हुनुपर्छ । पैसा पनि चाहिन्छ तर सबै थोक छोडेर पैसाको पछि दौड्नु हुँदैन । पैसालाई सही तरिकाले व्यवस्थापन गर्नुपर्छ । पैसालाई खराबीको जड बनाउने कि नबनाउने मान्छेमा भर पर्छ ।

## हार्दिक बधाई



वैशाख ३ गते/अप्रिल १५ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री दुर्गेश तामाङ्ग र नेइम गोंगबूँ चर्चको सदस्य सुश्री अलिना तामाङ्गको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।




वैशाख १७ गते/अप्रिल २९ तारिख, सोमबार नेइम जोरपाटी डाछीँ चर्चको सदस्यहरू श्री अर्पण श्रेष्ठ र सुश्री रफिना महर्जनको नेइम जोरपाटी डाँछी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ३ गते/अप्रिल १५ तारिख, सोमबार नेइम जोरपाटी डाँछी चर्चको सदस्य सुश्री सिर्जना राई र प्रार्थना घर चर्च, चितवनको सदस्य श्री सुमन पडासैनीको नेइम जोरपाटी डाँछी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मे महिनाको कार्यक्रम

जेष्ठ १ गते/मे १४ तारिख मंगलबार बिहान १०:०० बजे **उपवास प्रार्थना** आ-आफ्नै चर्चमा ।

जेष्ठ ६ गते/मे १९ तारिख आइतबार **पेन्तिकोस डे** आ-आफ्नै चर्चमा ।

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **बैंसीगाउँ** | **जहरसिंह पौवा** | **गाम्चा** | **सुन्दरीजल** | **साँखु** | **चाँगु** | **सापटार** | **गोंगबूँ** | **बानियाटार** | **धापासी** | **भंगाल** |
| **वैशाख २९ गते** May 11 | एल्डर सागर थापा | डीकनेस् सलोमी दों | एल्डर राज गुरूङ्ग | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | एल्डर अष्ट श्रेष्ठ | श्री कुमार सेन्चुरी | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | एल्डर बेन्जामिन तामाङ्ग |
| **जेष्ठ ५ गते** May 18 | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | श्री विकाश श्रेष्ठ | डीकनेस् उषा गौतम | एल्डर राज गुरूङ्ग | डीकन अमृत लामा | एल्डर बी.एन पण्डित | श्री प्रेम गुरूङ्ग | डीकन अनिल आले | श्री चन्द्र मोक्तान |
| **जेष्ठ १२ गते** May 25 | श्री जीवन खालिङ | श्री मोहन श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर राज गुरूङ्ग | एल्डर सागर थापा | एल्डर गोपी राई | एल्डर पिटर लिम्बू | डीकन प्रशान्त सिंह | एल्डर राजु श्रेष्ठ | डीकन अनिल आले |
| **जेष्ठ १९ गते** June 1 | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | डीकन उमेश मगर | डीकन अमृत लामा | पाष्टर कर्ण तामाङ्ग | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जोरविर राई |

# जानकारी



सुन्तखानी बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य सुश्री कान्ति राई ३२ वर्षको उमेरमा वैशाख ५ गते/अप्रिल १७ तारिख बुधबारका दिन प्रभुमा सुत्नुभयो ।



बेथानी आश्रममा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती तविता (कान्छी) गुरूङ्ग ८२ वर्षको उमेरमा वैशाख ८ गते/अप्रिल २० तारिख शनिबारका दिन प्रभुमा सुत्नुभयो ।



गाम्चख बस्नुहुने नेइम जोरपाटी गाम्चा चर्चको सदस्य श्रीमती इन्द्र कुमारी वि.क. ७२ वर्षको उमेरमा वैशाख १० गते/अप्रिल २२ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



मालीगाउँ बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री काशिनाथ खड्गी ८० वर्षको उमेरमा वैशाख १२ गते/अप्रिल २४ तारिख बुधबारका दिन प्रभुमा सुत्नुभयो ।



लगनखेल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती पवित्रा बस्नेत ७० वर्षको उमेरमा वैशाख १३ गते/अप्रिल २५ तारिख बिहीबारका दिन प्रभुमा सुत्नुभयो ।

१. चैत्र २४ गते/अप्रिल ६ तारिख शनिबार नेइम जोरपाटी साँखु चर्चमा ३ जना बालबालिकाहरूको बाल अर्पण भयो ।
२. वैशाख ८ गते/अप्रिल २० तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ३६ जना बालबालिकाहरूको बाल अर्पण भयो ।
३. चैत्र ५ गते/मार्च १८ तारिख, सोमबार नेइम जोरपाटी डाँछी चर्चको सदस्य सुश्री नम्रता तामाङ्ग र द किङ्गदम अफ गड चर्च, रुपेन्देहीको सदस्य श्री उमेश रेग्मीको नेइम जोरपाटी डाँछी चर्चमा पवित्र विवाह सुसम्पन्न भई बैवाहिक जीवनमा बाँधिनुभएकोमा अन्यथा भएकोले भुलसुधार गरिएको जानकारी गराउँदछौं ।
४. पानीको बप्तिस्मा हुनुभएका प्रियहरू जहरसिंहपौवाका ४ जनाले अप्रिल ६ तारिख नेइम जोरपाटी जहरसिंहपौवा चर्चमा र डाँछीका ३ जनाले अप्रिल २० तारिख नेइम जोरपाटी डाँछी चर्चमा समर्पण गर्नुभयो ।

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता, र मेल मिलापको साथै देशको वर्तमान परिस्थितिको लागि प्रार्थना गरिदिऔं ।
२. संसारका विभिन्न देशहरूमा भइरहेको युद्ध, गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपको कारण दुःख भोगिरहेका-हरूको लागि प्रार्थना गरिदिऔं ।
३. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २३ 5<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | ३० 12<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ | ६ 19<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>यशैया ५५:८-११ | १३ 26<br>नेइम परिषद्का गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>जकरिया ४:६, प्रेरित २०:२८ |
| **सोमबार**<br>Monday | २४ 6<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२, कलस्सी ३:१० | ३१ 13<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | ७ 20<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना लागिपर्न सकौं ।<br>प्रेरित ११:२१-२६, तीतस २:११-१४ | १४ 27<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ |
| **मंगलबार**<br>Tuesday | २५ 7<br>अधुरो परिवारमा रहेकाहरू साथै प्रभुको खातिर दुःख कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना १६:३३, १ पत्रुस ४:१२-१६ | जेष्ठ १ 14<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ | ८ 21<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | १५ 28<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिष्मय बन्न सकून् ।<br>गन्ती ६:२४-२६, रोमी १६:१-४ |
| **बुधबार**<br>Wednesday | २६ 8<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ | २ 15<br>परमेश्वरको महिमाको लागि सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ | ९ 22<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको साक्षी भएर जिउन सकून् ।<br>मत्ती ५:१६, एफिसी ५:८-१८ | १६ 29<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरको इच्छाअनुसार जिउनको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>मत्ती ६:१०, एफिसी ५:१५-२१ |
| **बिहीबार**<br>Thursday | २७ 9<br>मण्डलीका सबै बालबालिका- हरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ | ३ 16<br>मण्डलीका सबै जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू भई संसारमा असल साक्षी भएर जिउन सकून् ।<br>२ तिमोथी २:२२ | १० 23<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४, एफिसी ५:२० | १७ 30<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ |
| **शुक्रबार**<br>Friday | २८ 10<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२-४७ | ४ 17<br>विभिन्न विचार लिएर मण्डलीमा पहिलो पल्ट आउनुहुने प्रत्येक जो-कोही पनि परमेश्वरको वचनद्वारा परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१४, इजकिएल ११:१९-२० | ११ 24<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १८ 31<br>नेपालको विभिन्न कारागारमा रहेका कैदीहरूले येशू प्रभुलाई चिन्न सकून् ।<br>यशैया ६१:१-३ |
| **शनिबार**<br>Saturday | २९ 11<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएको प्रार्थनाको पाएको उत्तर साथै नपाएका उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं ।<br>रोमी ८:२८ | ५ 18<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १२ 25<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | १९ June 1<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>कलस्सी ३:१६-१७ |

**धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो । धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन् । धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन् । धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, तिनीहरू तृप्त हुनेछन् । धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन् । धन्य मेलमिलाप गराउनेहरू, किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन् । धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो ।**

**मत्ती ५:३-१०**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,